लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा तथा सामाजिक विकास निर्देशनालय
(राप्ती उपत्यका) देउखुरी, नेपाल

पत्र सं.:- २०८३/०८४
च.नं.:-

(प्रथम पटक सूचना प्रकाशित मिति २०८३।०५।११)

**विषय:- सामूदायिक विद्यालयहरुले विपद् व्यवस्थापनका लागि अनुदान प्राप्त गर्न प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !**

यस निर्देशनालयको चालु आ.व. २०८३।०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार संघ प्रदेश साझेदारीमा प्रदेशबाट सञ्चालित प्राविधिक सर्वेक्षण समेतको आधारमा गुरुयोजना बमोजिम विपदबाट क्षति भएका समेत विद्यालयको भौतिक सुधार योजना अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा विद्यालयले शैक्षिक सत्र २०८३ सुरु भए पछि हालसम्म विपतबाट भौतिक पूर्वाधार क्षति भई पठनपाठनमा अवरोध सिर्जना भएको अवस्थामा सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिलमा उल्लिखित कागजात सहित **सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयहरुमा** प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

उपसचिव

संलग्न गर्नुपर्ने कागजातहरु:

१. विद्यालयको विपद् जोखिम सम्बन्धमा सम्बन्धित स्थानीय तहको विपद व्यवस्थापन समितिको निर्णयसहित स्थानीय तहको सिफारिस
२. सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइको सिफारिस
३. सुरक्षा निकायको रोहवरमा तयार पारिएको मुचुल्का
४. प्राविधिकले तयार गरेको लागत अनुमान
५. क्षतिको अवस्था झल्किने प्रष्ट रङ्गिन फोटोहरु
६. विपद् व्यवस्थापनका लागि कुनै सरकारी निकायबाट हालसम्म कुनै अनुदान प्राप्त नगरेको सम्बन्धी विद्यालय व्यवस्थापन समितिको निर्णयसहित विद्यालयको पत्र
७. प्राविधिक निर्माण कार्यमा सहजीकरण गर्ने स्थानीय तहको प्रतिवद्धता

**बोधार्थ**

**श्री सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल** उल्लिखित सूचना तहाँको वेब साइटमा समेत प्रकाशन गरिदिनु हुन अनुरोध छ।

**श्री सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही/कपिलवस्तु/पाल्पा/प्यूठान/दाङ/बाँके** : उल्लिखित सूचना तहाँको वेब साइटमा समेत प्रकाशन गर्नुका साथै आवश्यक कागजात सहित विधिबत रुपमा प्राप्त हुन आएका प्रस्तावहरु रुजु गरी समयावधि समाप्त भएको मितिले ३ दिन भित्र निर्देशनालयमा उपलब्ध गराउने व्यवस्था गर्नु हुन।

✉ edd@lumbini.gov.np    🌐 http://esdd.lumbinigov.np